# नेपाल गजेट

# भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १३ ] काठमाडौं, भाद्र ३१ गते २०२० साल [ संख्या २३

**श्री ५ को सरकार**

## कानून तथा न्याय मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिए बमोजिमको सरकारी मुद्दा सम्बन्धी ( पहिलो संशोधन) नियमावली, २०२० सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

### सरकारी मुद्दा सम्बन्धी ( पहिलो संशोधन ) नियमावली, २०२०

सरकारी मुद्दा सम्बन्धी नियमावली, २०१८ ( यस पछि मूल नियमावली भनिएको ) मा संशोधन गर्न आवश्यक भएकोले सरकारी मुद्दा सम्बन्धी ऐन, २०१७ को दफा १० ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ :–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम सरकारी मुद्दा सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०२० रहेकोछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल नियमावलीको नियम २ मा संशोधनः– मूल नियमावलीको नियम २ को उप–नियम (१) को खण्ड (ङ) र (च) को सट्टा निम्नलिखित खण्ड (ङ) र (च) राखिएकोछः–

(ङ) "गभर्नमेन्ट प्लीडर" भन्नाले एडिशनल गभर्नमेन्ट प्लीडर र असिष्टेन्ट गभर्नमेन्ट प्लीडरसमेत सम्झनु पर्छ ,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) "पब्लिक प्रोसिक्यूटर" भन्नाले एडिशनल पब्लिक प्रोसिक्यूटर र असिष्टेन्ट पब्लिक प्रोसिक्यूटरसमेत सम्झनु पर्छ।

३. मूल नियमावलीको नियम ४ मा संशोधनः– मूल नियमावलीको नियम ४ को सट्टा निम्न–लिखित नियम ४ राखिएको छः–

(४) सरजमीन सम्बन्धी कार्यविधिः– (१) नियम ३ बमोजिम कारवाइ गरेपछि पर्न आएको केसको व्यहोराबाट जरूरी भई तुरुन्त सरजमीन गर्नुपर्नेमा सोही बमोजिम र सो बाहेक अरूमा व्यहोरा बुझ्न तत्काल सुराक लगाउँदा अपराध भएको थाहा हुनासाथ तुरुन्त सम्बन्धित पुलिस कर्मचारीले नियम ७ बमोजिम आफू जान पाउनेमा आफूले र त्यसरी जान नपाउनेमा सम्बन्धित पुलिस कर्मचारीलाई खबर गरी सम्बन्धित पुलिस कर्मचारीले नगर पञ्चायतको इलाकाभित्र पब्लिक प्रोसिक्यूटरलाई र गाउं पञ्चायतको इलाकाभित्र गाउं पञ्चायतका प्रधान पञ्च वा उप–प्रधान पञ्चलाई लिई बाटाको म्याद बाहेक दरखास्त परेको साधारणतया चौबीस घण्टाभित्र सकभर चांडो अपराध भएको भनेको ठाउं वा अभियुक्तसंग सम्बन्धित ठाउँमा पुग्नु पर्छ।

(२) उप–नियम (१) बमोजिमको ठाउंमा पुगेपछि सो ठाउं र नजिकका जिमिदार, पटुवारी, तालुकदार, जिम्मावाल, थरी, मुखिया, द्वारे, मिझार, राइपगरी, गाउं पञ्चायत वा नगर पञ्चायतका सम्बन्धित ओडाका सदस्य र अरू सर्वसाधारण जनतासमेतमा पाइएका र उपस्थित भएसम्मका व्यक्तिलाई राखी सरजमीन गर्ने अधिकारीले अपराधका सम्बन्धमा त्यस्तो व्यक्तिहरूले देखे सुने बुझेको जे जे छ यथार्थ कुरा खुलाई मुचुल्का गराउनुपर्छ। त्यस ठाउंमा कसैको घरको खान तलासी गर्नुपर्ने देखिए तत्सम्बन्धी मुचुल्का र ज्यान मरेको केसमा त्यस ठाउंमा लास भए लास जांच मुचुल्कासमेत गराउनुपर्छ।

तर कुनै व्यक्तिको नाम लेखाउन छुट्यो भन्ने कारणले मात्र यो नियम बमोजिमको मुचुल्का बेरीतको मानिने छैन।

(३) ऐनको अनुसूची १ को ज्यान सम्बन्धी मुद्दामा सरकारी अस्पताल नजिक भई अस्पतालमा ल्याउंदासम्म सडीगली नजाने भए लासको पोष्टमार्टम गराउनुपर्नेछ।

४. मूल नियमावलीको नियम ५ मा संशोधनः– मूल नियमावलीको नियम ५ को उप–नियम (४), (५) र (६) को सट्टा निम्नलिखित उप–नियम (४), (५) र (६) राखिएको छः–

(४) उप–नियम (२) बमोजिम अभियुक्त पक्राउ भै आएपछि वा उप–नियम (३) बमोजिम खबर प्राप्त भएपछि मौका तहकीकातलाई अधिकृत पुलिस कर्मचारीले नगर पञ्चायतको इलाकाभित्रको भए पब्लिक प्रोसिक्यूटरलाई र गाउं पञ्चायतको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

इलाकाभित्रको भए गाउं पञ्चायतका प्रधान पञ्च वा उप–प्रधान पञ्चलाई लिई बाटाका म्यादबाहेक अपराध भएको वा अभियुक्त पक्राउ भएको साधारणतया चौबीस घन्टाभित्र सकभर चांडो घटनास्थलमा पुग्नुपर्छ ।

(५) उप–नियम (१) बमोजिम कारवाइ गर्ने पुलिस कर्मचारी नियम ७ अनुसार तोकिएको दर्जाको रहेछ भने निजले सोझै अवस्थानुसार सम्बन्धित पब्लिक प्रोसिक्यूटर वा गाउं पञ्चायतका प्रधान पञ्च वा उप–प्रधान पञ्चलाई खबर गर्नुपर्छ र पब्लिक प्रोसिक्यूटर वा प्रधान पञ्च वा उप–प्रधान पञ्चले पनि सो खबर पाएको साधारणतया चौबीस घण्टाभित्र सकभर चांडो घटनास्थलमा उपस्थित हुनुपर्छ ।

(६) उप–नियम (४) वा (५) बमोजिम घटनास्थलमा पुग्नुपर्ने पदाधिकारी पुगेपछि अपराधका सम्बन्धमा नियम ४ (२) अनुसारका व्यक्तिहरूले देखे जाने सुने बुझेको जे जे छ यथार्थ कुरा खुलाई मौका तहकीकात गर्ने अधिकारीले मुचुल्का गराउनुपर्छ। घटनास्थलमा कसैको घर खान तलासी गर्नुपर्ने देखिए तत्सम्बन्धी मुचुल्का र ज्यान मरेको केसमा त्यहाँ लास भए लास जांच मुचुल्कासमेत गराउनुपर्छ।

तर कुनै व्यक्तिको नाम लेख्न लेखाउन छुट्यो भन्ने कारणले मात्र यो नियम बमोजिमको मुचुल्का बेरीतको मानिने छैन ।

५. <u>मूल नियमावलीको नियम ७ मा संशोधनः–</u> मूल नियमावलीको नियम ७ को खण्ड (ग) र प्रतिबन्धात्मक वाक्यांशको सट्टा निम्नलिखित खण्ड (ग), (घ) र प्रतिबन्धात्मक वाक्यांश राखिएको छः–

(ग) ऐनको अनुसूची १ को नं. ५।६।७ ( यसमध्ये डांका वा रहजनी), ८।९।११।१२ ( यसमध्ये खोटा टक मारेको), र १५ का सम्बन्धमा कम्तीमा सब–इन्स्पेक्टर दर्जासम्मकाले,

(घ) ऐनको अनुसूची १ को नं. ७ ( यसमध्ये अरू चोरी ), १०।१२ ( खोटा चलन गरेको ), १३, १४ र १६ का सम्बन्धमा कम्तीमा असिष्टेन्ट सब–इन्स्पेक्टर दर्जा सम्मकाले ।

तर कुनै जिल्ला इलाकामा यस नियममा तोकिए बमोजिमको दर्जा भएका पुलिस कर्मचारी नरहेको भए वा रहेको भएपनि अनुपस्थित भए सो तोकिएको दर्जाभन्दा मुनिको र असिष्टेण्ट सब–इन्स्पेक्टर दर्जासम्मका कुनै पुलिस कर्मचारीले सम्बन्धित अपराधको सरजमीन वा मौका तहकीकात र पुलिस रिपोर्ट गर्न सक्नेछन् । त्यस्तोमा कुनै काम बांकी छँदै तोकिएको दर्जाको पुलिस कर्मचारी उपलब्ध हुनासाथ निजले बांकी काम गर्नुपर्छ र तोकिएको दर्जा बाहेक त्यसरी अन्य पुलिस कर्मचारीले कारबाइ गर्नपरेको कारणसमेत सम्बन्धित केस फायलमा जनाई राख्नुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. मूल नियमावलीको नियम ८ मा संशोधनः– मूल नियमावलीको नियम ८ को उप-नियम (४) को सट्टा निम्नलिखित उप–नियम (४) राखिएको छः–

(४) अभियुक्त फेला नपरेको भनी तहकीकात पूरा गरी अदालतमा दायर भएको फौज्दारी मुद्दामा अदालतले प्रचलित नेपाल कानून बमोजिम गिरफ्तार गर्नुपर्ने आवश्यकता देखेका अभियुक्तका हकमा वारण्ट वा पक्राउ पूर्जी जारी गर्ने छ र अदालतसंग पुलिस वा पब्लिक प्रोसिक्यूटरले त्यस्तो वारण्ट वा पक्राउ पूर्जी जारी हुनुपर्ने भनी अनुरोध गर्न पनि हुन्छ । अदालतमा दायर भएको फौज्दारी मुद्दामा अभियुक्त गिरफ्तार भएमा बाटाका म्याद बाहेक चौबीस घण्टाभित्र सक-भर चांडो पुलिसले पब्लिक प्रोसिक्यूटरद्वारा अदालतमा उपस्थित गर्नुपर्छ र त्यस्ता अभियुक्तको बयान कागज पुलिसमा गराइरहन पर्दैन ।

७. मूल नियमावलीमा थप नियमः– मूल नियमावलीको नियम १० पछि निम्नलिखित नियम ११ थपिएको छ र मूल नियमावलीको नियम ११,१२,१३,१४, र तत्सम्बन्धी उल्लेखलाई क्रमशः नियम १२,१३,१४,१५, र तत्सम्बन्धी उल्लेख कायम गरिएको छः–

११. फौज्दारी मुद्दा चलाउने कुरामा मतभेद भएमा तत्सम्बन्धी कार्यविधिः

फौज्दारी मुद्दाको तहकीकात पूरा भएपछि मुद्दा पठाउन पर्याप्त आधार छ छैन भन्ने कुरामा पब्लिक प्रोसिक्यूटर र पुलिस कर्मचारीको परस्पर राय नमिलेमा सम्बन्धित अदालतमा सोही व्यहोरासाथ मुद्दा चलान गर्नुपर्छ । अदालतले पनि प्रस्तुत मिसिल-बाट मुद्दा चलाउन पर्याप्त आधार छ भन्ने देखेमा सोही व्यहोराको आदेश दिई मुद्दाको अरू कारवाई शुरू गर्नुपर्छ र मुद्दा चलाउन पर्याप्त आधार छैन भन्ने देखेमा ऐनको दफा ३ को उप–दफा (६) अनुसार पुनः तहकीकात गर्नु गराउनुपर्ने आवश्यकता नभए मुद्दा चलाउन पर्याप्त आधार छैन भन्ने आदेश दिई मुद्दा तत्काल तामेलीमा राख्नुपर्छ ।

तर त्यसको कुनै पनि आदेशले मुद्दाको औचित्यमा असर पार्ने छैन र कानून अनुसार पछि ठहरे बमोजिम हुनसक्नेछ ।

८. मूल नियमावलीको नियम ११ (अब १२) मा संशोधनः– मूल नियमावलीको नियम ११ (अब १२) को उप–नियम (४) को सट्टा निम्नलिखित उप–नियम (४) राखिएकोछः–

(४) उप–नियम (३) बमोजिम दायर भएको फौज्दारी मुद्दामा कुनै पनि अदालतमा पुलिस कर्मचारी वा पब्लिक प्रोसिक्यूटरलाई तारिखमा राख्नेछैन तर अदालतले त्यस्ता मुद्दाको कारवाइ किनारालाई समय समयमा तोकेको तारिखको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लिखित सूचना पब्लिक प्रोसिक्यूटरलाई दिने छ र सो तारिखका दिन भएको कारवाइ निर्णयको लिखित सूचना पनि पब्लिक प्रोसिक्यूटरलाई दिनेछ ।

९. मूल नियमावलीको नियम १४ (अब १५) मा संशोधनः- मूल नियमावलीको नियम १४ (अब १५) को सट्टा निम्नलिखित नियम १५ राखिएको छः-

१५. सरकारी मुद्दामा दस्तूर इत्यादि नलाग्नेः- अदालतमा फौज्दारी वा देवानी मुद्दा दायर गर्दा, सो गरे बापत र त्यसको कारवाइको सिलसिलामा सरकारी पक्षलाई कुनै दस्तूरमा दण्ड जरिवाना लाग्दैन ।

१०, मूल नियमावलीमा रूपान्तरः- मूल नियमावलीमा "देवानी तथा त्यस्ता सम्बन्धी मुद्दा" भन्ने शब्दको सट्टा "देवानी मुद्दा" भन्ने शब्द राखिएको छ ।

आज्ञाले-
विनोदप्रसाद धिताल
श्री ५ को सरकारको सह-सचिव,
कानून तथा न्याय मन्त्रालय ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२५८

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।